# डोल्पो बुद्ध गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड-५** **संख्याः १** **मितिः २०७८।०४।०२**

## डोल्पो बुद्ध गाउँपालिकाको छात्रवृत्ति सम्बन्धि कार्यविधि, २०७८

**प्रस्तावनाः**

डोल्पो बुद्ध गाउँपालिकामा बसोवास गरिरहेका प्राविधिक विषयहरुमा (चिकित्सा शास्त्र, इन्जिनियरिङ, कृषि, भेटेरीनरी) अध्ययन गर्न चाहने दलित, द्वन्द पिडित, अपाङ्ग, गरिविको चपेटामा परेका, पिछडिएको वर्ग, शहिद परिवार, सिमान्तकृत, लोपोन्मुख, आदीवासी जनजाती, तथा विपन्न जेहेन्दार लक्षित वर्गलाई व्यवस्थित एवं पारदर्शी तरिकाबाट छात्रवृत्ति रकम प्रदान गरी स्थानीय स्तरमा प्राविधिक तथा गुणस्तरीय दक्ष जनशक्ति उत्पादन गर्ने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ज) ३ अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने व्यवस्था भए अनुसार डोल्पो बुद्ध गाउँपालिकाले **छात्रवृत्ति सम्बन्धि कार्यविधि, २०७८ निर्माण गरेको छ।**

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम डोल्पो बुद्ध गाउँपालिकाको छात्रवृत्ति सम्बन्धि कार्यविधि, २०७८ रहेको छ।

१.२ यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

१.३ यसमा उल्लेख भएका प्रावधानहरु डोल्पो बुद्ध गाउँपालिका भित्र लागु हुनेछन।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

२.१ **"गाउँपालिका"** भन्नाले डोल्पो बुद्ध गाउँपालिका सम्झनु पर्ने छ।

२.२ **"छात्रवृत्ति"** भन्नाले गाउँपालिकाबाट दलित, द्वन्द पिडित, अपाङ्ग, गरिविको चपेटामा परेका, पिछडिएको वर्ग, शहिद परिवार, सिमान्तकृत, लोपोन्मुख, आदीवासी जनजाती, तथा विपन्न जेहेन्दार लक्षित वर्गलाई प्राविधिक शिक्षा (चिकित्सा शास्त्र, इन्जिनियरिङ, कृषि, भेटेरीनरी) अध्ययन गर्न चाहने विद्यार्थीलाई तोकीए बमोजिम नम्सको आधारमा प्रदान गरिने रकमलाई जनाउने छ।

२.३ **"समिति"** भन्नाले यसै कार्यविधिको दफा ४ बमोजिम गठित छात्रवृत्ति व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्धेश्यः**

यस कार्यविधिको उद्धेश्य देहायबमोजिम रहेका छनः

३.१ छात्रवृत्ति प्रदानको लागि पारदर्शी र स्पष्ट आधारहरु तयार गर्ने।

३.२ वितरण गरिने छात्रवृत्ति रकमलाई शैक्षिक उद्धेश्य हासिल गर्ने गरी परिणाममुखी बनाउने।

३.३ विनियोजित बजेट र छात्रवृत्ति कार्यक्रम वास्तवीक लक्षित वर्गसम्म व्यवस्थित एवं पारदर्शी तरिकाबाट पुर्याउने।

३.४ सरोकारवालाहरुलाई छात्रवृत्ति सम्बन्धी जानकारीहरु सहज र सरल तरिकाले उपलब्ध गराउने।

**४. छात्रवृत्ति व्यवस्थापन समितिः**

**४.१ गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति व्यवस्थापन गर्न देहायबमोजिम समिति रहनेछ।**

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृत स्तरको कर्मचारी | - सदस्य |
| (ङ) लेखा शाखा प्रमुख | - सदस्य |
| (च) सामाजिक विकास शाखा प्रमुख | - सदस्य |
| (छ) शिक्षा शाखा प्रमुख | - सदस्य सचिव |

**४.२ समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ।**

**४.३ छात्रवृत्ति समितिको काम कर्तव्य र अधिकारः**

(क) गाउँपालिकाबाट उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धी आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने।

(ख) निर्धारण नीति तथा मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न गाउँपालिकामा सिफारिस गर्ने।

(ग) छात्रवृत्ति कार्यान्वयनको अवस्थाको अनुगमन तथा मुल्याङ्कन गर्ने।

(घ) छात्रवृत्तिको प्रभावकारीता सम्बन्धमा अनुसन्धानात्मक कार्य गर्ने ।

(ङ) छात्रवृत्ति सम्बन्धी अन्य आवश्यक काम गर्ने ।

**५. प्राविधिक शिक्षा छात्रवृत्ति**

छात्रवृत्ति उपलब्ध गाराइने प्राविधिक शिक्षाको किसिम, छात्रवृत्ति कोटा निर्धारण तथा वितरण प्रकृयाः

५.१ यो छात्रवृत्ति डोल्पो बुद्ध गाउँपालिका भित्र स्थायि वसोवास गर्ने (चिकित्सा शास्त्र, इन्जिनियरिङ, कृषि, भेटेरीनरी) क्षेत्रमा अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई उपलब्ध गराइनेछ ।

५.२ डोल्पो बुद्ध गाउँपालिकामा स्थायी वसोवास गर्ने दलित, द्वन्द पिडित, अपाङ्ग, गरिविको चपेटामा परेका, पिछडिएको वर्ग, शहिद परिवार, सिमान्तकृत, लोपोन्मुख, आदीवासी जनजाती, तथा विपन्न परिवारका विद्यार्थीहरु यस कार्यविधिका लक्षित समूह हुनेछन् ।

५.३ उपदफा ५.१ मा उल्लेखित विषयहरुको अध्ययनमा लाग्ने खर्चको आधारमा वार्षिक रु.५०,०००। (पचास हजार) देखि माथि गाउँपालिकाको निर्णय अनुसार उपलब्ध गाराइनेछ ।

५.४ छात्रवृत्ति एक जना विद्यार्थीलाई एक शैक्षिक स्तरमा मात्र प्रदान गरिनेछ ।

५.५ यो छात्रवृत्ति वार्षिक रुपमा बढीमा १० जनालाई प्रदान गरिनेछ ।

**६. छात्रवृत्ति कार्यान्वयन प्रकृयाः**

६.१ गाउँपालिकाले हरेक वर्ष छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी सूचना प्रकाशित गर्ने छ । यसरी सूचना प्रकाशित गर्दा सवैले थाहा पाउने गरी विभिन्न माध्यमबाट १५ दिने सूचना प्रकाशित गर्नुपर्नेछ ।

६.२ योग्यता पुगेका इच्छुक व्यक्तिहरुले आफू लक्षित समूहको नागरिक हो भन्ने प्रमाण सहित वडा कार्यालयको सिफारिस संलग्न गरी गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

६.३ प्राप्त निवेदन कागजातको अध्ययन गरी समितिले छनौट मापदण्ड तयार गरी लाभग्राहीको छनौट गर्नेछ ।

६.४ निर्धारीत कोटाभन्दा बढी निवेदन परेमा समितिले प्राथमिकताका आधारमा छनौट गर्नेछ ।

**७. छात्रवृत्ति नपाउने अवस्थाः**

देहायको अवस्थामा विद्यार्थी छात्रवृत्ति पाउन योग्य हुने छैन

(क) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी नियमित रुपमा शैक्षिक संस्थामा उपस्थित भई पठनपाठनमा समावेश नभएमा ।

(ख) विद्यार्थी कक्षा अनुत्तिर्ण भएमा

(ग) उमेर नपुग्दै विवाह गरेमा ।

(घ) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी नेपाल सरकारको कोषबाट पारिश्रमिक पाउने गरी कुनै प्रकारको स्थायी, अस्थायी वा करार नोकरीमा कार्यरत भएमा ।

(ङ) गलत वा झुठा विवरण पेश गरी फारम पेश गरेको प्रमाणित भएमा ।

(च) सम्बन्धित शिक्षण संस्थाबाट निष्काशित भएमा ।

**८. भुक्तानी प्रकृयाः**

८.१ छात्रवृत्ति वापत उपलब्ध गराइने रकम विद्यार्थीले अध्ययन गर्ने शैक्षिक संस्थाको बैंक खातामा भुक्तानी गरिनेछ ।

९. अनुगमन सम्बन्धी व्यवस्थाः

गाउँपालिकाले आफै वा आफ्नो जनशक्ति परिचालन गरी छात्रवृत्ति प्राप्त विद्यार्थीको नियमित पठनपाठनको सम्बन्धमा आकस्मिक रुपमा अनुगमन गर्न सक्नेछ ।

१०. कोषको व्यवस्थाः

डोल्पो बुद्ध गाउँपालिकाद्धारा प्रत्येक वर्षको गाउँसभाबाट निश्चित रकम छात्रवृत्ति कोषमा विनियोजन गरी जम्मा गरिनेछ र सोही कोषबाट संकलित निवेदनका आधारमा विभिन्न विषयहरुमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै लगिनेछ ।

११. संशोधन गर्न सक्नेः

यस कार्यविधिमा उल्लेखित विषयहरु आवश्यक्ता अनुसार डोल्पो बुद्ध गाउँपालिकाको कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१२. बचाऊः**

यस कार्यविधि पारित हुनुभन्दा अघि छात्रवृत्ति शिर्षकमा भए गरेको सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची – १

**कार्यविधिको दफा ६ को उपदफा २ को प्रयोजनको लागि छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा**

श्रीमान् अध्यक्षज्यू

डोल्पो बुद्ध गाउँपालिका, धो डोल्पा ।

विषयः छात्रवृत्ति रकम सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा म यस डोल्पो बुद्ध गाउँपालिका वडा नं………… मा स्थायी वसोवास गरीरहेको छु । मैले शैक्षिक सत्र मा …………………… S.E.E./+2 उत्तिर्ण गरी (चिकित्सा शास्त्र, इन्जिनियरिङ, कृषि, भेटेरीनरी) विषयमा उच्च शिक्षा अध्ययन गर्न चाहेको र मेरो घरको आर्थिक अवस्था कमजोर भएकोले गाउँपालिकाले प्रदान गर्ने छात्रवृत्ति उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्दछु ।

.

निवेदकको
दस्तखतः
नाम थरः
ठेगानाः
मितिः
मोवाइल नं

अनुसूची – २

**दफा ६ को उपदफा ३ को प्रयोजनको लागि**

**छात्रवृत्ति छनौट मापदण्ड**

| क्र.सं. | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विपन्नता | ५ देखि १० अङ्क | |
| २ | अध्ययनको उच्चतम अंक | ५ देखि १० अङ्क | |
| ३ | जातीयता | ५ देखि १० अङ्क | |
| ४ | लिङ्ग | ५ देखि १० अङ्क | |
| | जम्मा | ४० अङ्क | |

१. आर्थिक विपन्नताः ५ रोपनीभन्दा कम खेतियोग्य जमिन भएको, काठ वा ढुंगा माटोले बनेको घर ५ देखि माथि १० अङ्क सम्म र ५ रोपनीभन्दा बढी खेतियोग्य जमिन भएको, टीनको छानो वा पक्की घर भए अधिकतम ५ अङ्क

२. अध्ययनको उच्चतम अंकः विशिष्ट श्रेणी भए १०, प्रथम श्रेणी भए ८, द्धितीय श्रेणी भए ६ र तृतीय श्रेणीलाई ४ भन्दा माथि

३. दलित तथा अल्पसंख्यक १०, जनजाती ८ बाहुन क्षेत्री ६ अन्य ५,

४. महिला भए १० पुरुष भए ६ अन्य ५

अनुसूची – ३

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः**

१. एस एल सी/एस इ इ/टी एस एल सी/दश जोड दुई उत्तिर्ण गरेको प्रमाण पत्र।

२. डोल्पो बुद्ध गाउँपालिकामा स्थायी वसोवास गरीरहेको भनि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

३. नेपाली नागरिकता वा जन्म दर्ताको प्रमाण पत्र।

४. शहिद परिवारको हकमा नेपाल सरकारले प्रदान गरेको प्रमाण पत्र।

५. अध्ययन गर्ने शैक्षिक संस्थाबाट भर्ना भएको वा अध्ययन गरिरहेको भनि सिफारिस पत्र।

स्वीकृत मितिः २०७८।०४।०२

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत